NRB License No.: "D"/81/075/076
Co.Reg.No.: 199842/075/076
PAN: 606580227

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.
# Rastra Utthan Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त "घ" वर्गको राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था)

www.rulbsl.com.np

Sanga, Banepa-13, Kabhrepalanchok
GPO Box: 21321, Kathmandu, Nepal
Phone: 977-11-660073
Fax: 977-11-660677
Email: info@rulbsl.com.np

श्री नेपाल स्टक एक्सचेन्ज लि.
भद्रकाली, काठमाण्डौ ।

प.सं.: ई-१६७/२०७९/०८०
मिति: २०८०/२/२६

**विषयः स्वाप रेसियो निर्धारण, अन्तिम संझौता तथा चौथो बार्षिक साधारण सभा सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा यस राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा यस संस्थाको चल अचल संपत्ति र दायित्व मुल्यांकन (Due Diligence Audit) गर्न नियूक्त मुल्यांकनकर्ताको रिपोर्ट बमोजिम संचालक समितिको मिति २०८०/२/२६ गते सांझ ६.०० बजे बसेको ९०औं बैठकको निर्णय बमोजिम यस लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनूपात (Share Swap Ratio, 1:1) निर्धारण गरिएको र दुबै पक्षबीच अन्तिम संझौता (Final Agreement) भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

साथै, संचालक समितिको सोहि बैठकको निर्णयानुसार यस वित्तीय संस्था लिमिटेडको चौथो बार्षिक साधारण सभा मिति २०८०/०३/१६ मा बस्ने निर्णय भएको जानकारी गराउदै शेयरधनी महानुभावहरुको जानकारीको लागि सभा हुने मिति, स्थान, समय तथा छलफलको लागि प्रस्ताव गरिएका विषयहरु समेत समाबेस गरी मिति २०८०/०२/२७ गतेको नयां पत्रिका राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिने र सो सम्बन्धी सूचनाको नमुना यसै पत्रसाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ ।

संलग्नः ऐ. सूचनाको नमूना

भवदीय,

(जगन्नाथ कुईंकेल)
कम्पनी सचिव

कम्पनी सचिव

बोधार्थ,

१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२) श्री सिडिएस एण्ड क्लियरिङ लि., पुतलिसडक, काठमाण्डौ ।
३) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ
४) श्री एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौ ।

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड(RULB)

## सांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोक

## चौथो बार्षिक साधारण सभाको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/२/२७)**

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/२/२६ गतेको सञ्चालक समितिको ९०औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा देहायका विषयमा छलफल गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा आफु स्वयं वा रितपूर्वकको प्रतिनिधि मार्फत उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०८०/३/१६ गते शनिबार (तद्अनुसार ०१ जुलाई, २०२३),
स्थान : होटल अरनिको, धुलिखेल, काभ्रेपलान्चोक
समय : अपरान्ह १:०० वजे ।

<u>छलफलका विषयहरुः</u>

(क) साधारण प्रस्तावहरुः

१) अध्यक्षज्यूको मन्तब्य तथा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को बासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरु र नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार गरिएको आर्थिक वर्ष २०७८/०७९ को वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३) बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्तावहरुः

**१) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा:**

१.१) संस्थाको चुक्ता पूँजी रु. १७,५०,००,०००/- (अक्षरेपी सत्र करोड पचास लाख) बाट वृद्धि गरी रु. २६,००,००,०००/- (अक्षरेपी छब्बीस करोड मात्र) पुऱ्याउने सम्बन्धि प्रस्ताव पारित गर्ने ।

१.२) प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

**२) गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा:**

२.१) राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड आशा लघुवित्त वित्तीय संस्था लिमिटेडसंग गाभ्ने/गाभिने (प्राप्ति) मा जाने प्रयोजनको लागि सम्पन्न प्रारम्भिक सहमतिपत्र (MoU), संयुक्त प्राप्ति समिति गठन एवं संयुक्त प्राप्ति समितिलाई आवश्यक कार्य गर्न सक्ने अख्तियार प्रत्यायोजन गर्ने संचालक समितिको निर्णय अनुमोदन गर्ने ।

राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि. RULBSL 2075

२.२) राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड तथा आशा लघुवित्त वित्तीय संस्था लिमिटेड बीच भएको गाभ्ने/गाभिने (प्राप्ति) सम्बन्धी प्रारम्भिक सहमतिपत्र (MoU) बमोजिम यस संस्थाको चल अचल संपत्ति र दायित्व मूल्यांकन (Due Diligence Audit) गर्न संयुक्त प्राप्ति समितिबाट सम्पत्ति र दायित्व मूल्यांकनकर्ता N.B.S.M. & Associates, Chartered Accountants लाई गरेको नियुक्ति र निजको पारिश्रमिक तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी अन्य भए गरेका खर्चहरु अनुमोदन गर्ने ।

२.३) आशा लघुवित्त वित्तीय संस्था लिमिटेडसंग यस लघुवित्त वित्तीय संस्था प्राप्ति (एक्विजिशन) मा जाने अन्तिम संझौता पत्र (Final Agreement Paper) लगायतका अन्य भए गरेका संपूर्ण कार्यहरुको अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने । साविक सञ्चालक समितिका पदाधिकारीहरुको कार्यकाल जतिसुकै बांकी भएतापनि प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न भई एकीकृत कारोबार गरी दुबै वित्तीय संस्थाबाट प्रतिनिधित्व रहने गरी एक पूर्णकालिन नयां सञ्चालक समिति गठन भएपश्चात् विद्यमान सञ्चालकहरुको बांकी कार्यकाल स्वतः समाप्त भएको मानिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२.४) राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्यांकनकर्ता N.B.S.M. & Associates, Chartered Accountants बाट प्राप्त सम्पत्ति तथा दायित्व मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयुक्त प्राप्ति समितिको सिफारिसमा यस वित्तीय संस्थाको संचालक समितिले स्वीकृत गरे बमोजिम यस लघुवित्त संस्थाको १ कित्ता शेयर बराबर आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनुपात (Share Swap Ratio, 1:1) कायम गरी आशा लघुवित्त वित्तीय संस्था लिमिटेडसंग प्राप्ति (एक्विजिशन) मा जानको लागि स्वीकृति प्रदान गर्ने ।

२.५) राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिसन) गरे पश्चात् **"राष्ट्र आशा लघुवित्त वित्तीय संस्था लिमिटेड"** को नामबाट एकीकृत कारोबार गर्ने तथा केन्द्रीय कार्यालय यसै संस्थाको केन्द्रीय कार्यालय, सांगा, बनेपा न.पा.-१३ काभ्रेपलान्चोकमा रहने प्रस्ताव पारित गर्ने ।

२.६) राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिसन) गर्ने प्रकृयामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड लगायत नियमनकारी निकायको स्वीकृति लिने/अभिलेख गर्ने क्रममा वा पूंजी संरचना वा प्रबन्धपत्र नियमावलीको संशोधन सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम संशोधन/परिमार्जन समेतका संपूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

१) स्वतन्त्र संचालकको नियुक्तिको जानकारी सम्बन्धमा ।

## चौथो वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. चौथो वार्षिक साधारण सभा प्रयोजनका लागि यस वित्तीय संस्थाको मिति २०८०/०३/०५ गते १ दिन शेयर दाखिला खारेज दर्ता बन्द रहनेछ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०३/०४ गते सम्म कारोबार भई प्रचलित कानुन बमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईविएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाडौंमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन् ।

२. चौथो वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ । कुनै कारणवश उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालय, साँगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोक वा एनआईविएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाडौंमा सम्पर्क गर्नुहुन वा वित्तीय संस्थाको वेबसाईट www.rulbsl.com बाट समेत प्राप्त गर्न सकिनेछ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिने प्रतिनिधि तोक्न पाउनेछन् ।

५. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान १०:३० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ ।

६. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रितपूर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, साँगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोकमा दर्ता गराउनु पर्नेछ ।

७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका पदाधिकारीबाट सामुहिक रुपले उत्तर दिइनेछ ।

८. छलफलका विषयसूची मध्ये विविध शीर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । सो विषय छलफलमा समावेश गरिए पनि निर्णयको रुपमा रहने छैन ।

९. शेयरधनी महानुभावहरु सभा स्थलमा आउंदा प्रचलित कानुनले निषेध गरेका बस्तुहरु लिई आउन पाईने छैन ।

१०.सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ । बार्षिक साधारण सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी विस्तृत विवरण वित्तीय संस्थाको वेबसाईट www.rulbsl.com तथा केन्द्रीय कार्यालय, सांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोकको सूचना पाटीमा टांस गरिनेछ ।

११.अन्य थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, सांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोकमा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।